# श्रद्धेय नगर उपप्रमुख श्री कलावती महर साउंदले नगर सभा समक्ष प्रस्तुत गर्नु भएको आ.व. २०८२/०८३ को बजेट वक्तव्य

दिपायल सिलगढी नगरपालिका

सिलगढी, डोटी

मिति : २०८२/०३/१०

- यस गरिमामय नगर सभाका श्रद्धेय अध्यक्षज्यू एवं नगर प्रमुख ज्यू, नगरसभाका सम्पूर्ण सदस्य ज्यूहरु
- प्रमुख प्रशासकिय अधिकृतज्यू लगायत सम्पूर्ण कर्मचारीज्यूहरु एवं पत्रकार ज्यूहरु ।

यस गरिमामय नगर सभामा आगामी आ.व. २०८२।०८३ को वार्षिक योजना, कार्यक्रम तथा बजेट प्रस्तत गर्न उपस्थित भएको छु । यस अवसरमा लोकतन्त्र प्राप्ति तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि समय समयमा भएका राजनीतिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

**श्रद्धेय सभाध्यक्षज्यू,**

यस नगरसभामा नगरपालिकाको आगामी आ.व. २०८२।०८३ को बजेट पेश गर्न पाउँदा मलाई खुसी लागेको छ । चालु आ.व. को नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनमा आवश्यक सहयोग गर्दै सुसंस्कृत, सन्दर र समृद्ध यस नगरपालिकाको विकासमा प्रत्यक्ष र अप्रत्यक्ष सहयोग र समर्थन गर्नुहुने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

**श्रद्धेय सभाध्यक्षज्यू**

दिपायल सिलगढी नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को वार्षिक बजेट तर्जुमा गर्दा स्थानीय तहले अवलम्वन गर्नपर्ने प्रकिया पूरा गरि आएका नगरबासीहरुका मागहरुलाई नगरपालिकाको स्रोत र साधनले भ्याए सम्म समेट्ने प्रयास गरेका छौ । योजना तर्जुमा गर्दा नेपालको संविधान २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएका स्थानीय तहका एकल अधिकार र अनुसूची ९ मा व्यवस्था गरिएका साझा अधिकार, स्थानीय सरकार सञ्चालन ऐन २०७४ स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, संघीय सरकारको बजेट तथा कार्यक्रम साथै प्रदेश सरकारको बजेट तथा कार्यक्रम र मार्ग दर्शन एवं यस नगर सभाद्धारा पारित आगामी आ.व. को नीति तथा कार्यक्रमलाई पूर्णतः अवलम्वन गर्दै यो वार्षिक बजेट तयार गरिएको छ । यस बजेट निर्माणका लागि विषयगत समितिहरु, वडा समितिहरु, विभिन्न लक्षित समुहहरु, राजनैतिक दलहरु, विषयगत शाखाहरु तथा गैर सरकारी संघ संस्था, नागरिक समाज, सम्बन्धित क्षेत्रका बिज्ञहरु लगायतबाट प्राप्त सुझाव एंव वडास्तरीय भेलाबाट छनौट भई प्राथमिकिकरणको आधारमा नगर कार्यपालिकाको वैठकबाट सिफारिस भई आएका योजनाहरुलाई यस नगर सभामा पेश गरिएको छ ।

स्थानीय सरकारको भूमिका निर्वाह गरिरहेको नगरपालिकाले सिमित स्रोत साधन बाट  काम गर्नु पर्ने चुनौति हुंदाहुंदै पनि चालु आ.व. मा नगर बासीहरुको हित र सुविधाका लागि सुशासन, सामाजिक विकास एवं भौतिक पूर्वाधार निर्माण तथा स्रोत परिचालन गरि यस क्षेत्रको विकासका सम्बन्धमा केही अनुभुति योग्य कार्य गर्ने प्रयास गरिएको छ । नगरपालिकाले आफ्नो दैनिक प्रशासनिक एवं विकास निर्माणका कार्यहरुलाई अझ चुस्तदुरुस्त बनाउन तथा सम्पादन गरिएका नियमित सेवा तथा विकासका कार्यहरुमा आम जनताहरु प्रतिको जवाफदेहितामा अभिवृद्धि  गर्दै लगिनेछ ।

अब म चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको संक्षिप्त समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- चालु आर्थिक वर्ष कुल सरकारी खर्च विनियोजनको ८५ प्रतिशत हुने संसोधित अनुमान छ । कुल सरकारी खर्च मध्ये चालु खर्च विनियोजनको ८७ प्रतिशत र पूजीगत खर्च विनियोजनको ७५ प्रतिशत खर्च हुने संसोधित अनुमान रहेको छ ।
- चालु आर्थिक वर्ष राजश्व संकलन रु. १ करोड ५१ लाख हुने संसोधित अनुमान छ ।

## बजेट तयार गर्दा लिइएका आधारहरु :

- नेपालको संविधान २०७२ अनुसूची ८ र ९ ले निर्दिष्ट गरेको स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु
- संघीय तथा प्रदेश सरकारले अंगीकार गरेको आर्थिक तथा वित्तिय नीतिहरु
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- संघीय तथा प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग र सो को साथमा प्राप्त मार्ग निर्देशनहरु
- माननिय सांसद ज्यूहरु र राजनैतिक दलहरुबाट प्राप्त सुझावहरु
- स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले दिएका सिफारिसहरु
- राजश्व परामर्श समितिको सिफारिस
- बजेट तथा योजना तर्जुमा समितिको सिफारिस
- नगर सभाद्धारा पारित आगामी आ.व. को नीति तथा कार्यक्रम
- विगत वर्षहरुमा सम्पन्न भएका नगर सभा र नगर कार्यपालिका बैठकहरुबाट भएका निर्णयहरु
- विभिन्न विषयगत समिति, विषयगत शाखा, विषयगत विज्ञहरुबाट प्राप्त सुझावहरु

## आर्थिक वर्ष २०८२/०८३ को बजेटका उद्देश्यहरु

- आम जनाताहरुका जीवनयापनका न्युनतम आधारभुत आवश्यकता परिपूर्ति गर्दै गरिबी, बेरोजगारी न्युनिकरण गर्ने
- यस क्षेत्र भित्रको स्रोत, साधन र अवसरको उच्चतम उपयोग गरि आर्थिक, सामाजिक तथा मानवीय विकास गर्ने
- सामुदायिक सृजनशिलता र उद्यमशिलताको प्रवर्द्धन र विकास गरि जनसहभागितामा आधारित सामुदायिक विकास गर्ने
- समुदायका कला,संस्कृति,भाषा,साहित्य,भेषभुषा को प्रवर्द्धन र संरक्षण गर्ने
- यस क्षेत्रमा विद्यमान जाति, धर्म, प्रथा, परम्परा लिङ्ग तथा संस्कारका नाम हुने विभेद, शोषण, अन्याय अन्त्य गरि मानवतामा आधारित समाज निर्माण गर्ने नीति लिने ।

- नगरलाई आकर्षक, वातावरणमैत्री बनाउनका लागि फोहोरको उचित व्यवस्थापन गर्ने

## बजेटका प्राथमिकता क्षेत्र :

- कृषिमा आधुनिकीकरण तथा व्यावसायिकरण
- शिक्षा क्षेत्रमा गुणात्मक सुधार
- गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवा
- पूर्वाधार विकास (खानेपानी, सडक, सिंचाइ)
- सूचना प्रविधि तथा संचारमा विकास
- मानव संसाधन र सामाजिक विकास
- उद्यम र सहकारिताको विकास
- वन वातावरण  तथा पर्यटन प्रवर्द्धन
- विपद् व्यवस्थापन

**श्रद्धेय सभाध्यक्षज्यू**

अब म आगामी आर्थिक वर्षको बजेटका मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## क्षेत्रगत बजेट :

(क) **आर्थिक विकास :**

- कृषिलाई नगरको पहिलो प्राथमिकतामा राखी कृषकहरुलाई उन्नत जातका बीउ वितरण गरी नगरभित्र बांझो जमिन राख्न नदिने नीति अवलम्बन गरिनेछ । कपास खेतीलाई अभियानका विकास गरिनेछ । सोका लागि बीउ, र बजारीकरणको व्यवस्था गरिनेछ । कपास खेतीको विमा गर्ने व्यवस्था तथा कपास खेतीमा उत्कृष्ट कृषकलाई आवश्यक सहयोग तथा पुरष्कृत गरिनेछ । कृषकले गरेको उत्पादनको बजारीकरणको ग्यारेन्टी गरिनेछ । फलफूल, तरकारी तथा मसाला खेती प्रवर्द्धन गरिनेछ । आधुनिक कोल्ड स्टोर निर्माण गरी कृषि उपजको भण्डारणको समुचित व्यवस्थापन गरिनेछ । सो लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
- पशु सेवाका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
- स्थानीय स्तरमा रोजगारि अभिवृद्धि गर्न सरकारी तथा गैर सरकारी निकायहरु संगको साझेदारीमा विभिन्न किसिमका सीपमूलक तथा आयमूलक तालिम कार्यक्रम सञ्चालन गरिने छ । सो लागि बजेट व्यवस्था गरेको छु ।
- सहकारी क्षेत्रको क्षमता अभिवृद्धि गर्दै लगिनेछ । सो लागि बजेट व्यवस्था गरेको छु ।

## (ख) सामाजिक विकास

- आर्थिक, सामाजिक, लैंगिक रुपमा पिछडिएका महिला, बालबालिका, दलित, अपांग, ज्येष्ठ नागरिकहरुको लागि बजेटको व्यवस्था गरेको छु ।
- विभिन्न लक्षित वर्गहरुको क्षमता अभिवृद्धिका लागि क्षमता अभिवृद्धि सम्बन्धि कार्यहरु संञ्चालन गरिने छन् ।
- युरोपियन युनियनको आर्थिक सहयोग तथा संयुक्त राष्ट्र संघीय एजेन्सी संस्थाहरु (UNFPA, UNICEF, UN WOMEN, ILO) को प्राविधिक सहयोगमा सञ्चालित **सशक्त महिला, समृद्ध नेपाल** परियोजना मार्फत महिलाहरुको सशक्तिकरण, लैंगिक हिंसा न्युनिकरण गर्नुका साथै आय आर्जनमा आवद्ध गरिनेछ ।
- सेफ सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत विभिन्न कार्यक्रम सञ्चालन गरी सुनौला हजार दिनका आमाहरु, पांच वर्ष सम्मका बालबालिकाहरु, किशोरीहरु समेतलाई समावेश गरी पोषणमैत्री टोल र वडा निर्माण र घोषणा कार्यलाई अगाडि बढाइनेछ ।

## (ग) शिक्षा, युवा तथा खेलकुद

- माध्यमिक तहका विद्यालयहरुमा प्राविधिक तथा व्यावसायिक शिक्षा पद्धतिलाई प्राथमिकता दिईनेछ । शिक्षकको शिक्षण सुधारका लागि पेसागत तालिम सञ्चालन गरिने छ । उत्कृष्ट शिक्षकहरुलाई आ.व. को अन्तमा पुरस्कृत गर्ने कार्यक्रम ल्याइनेछ । शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शिक्षक संख्या कम भएका विद्यालयमा आवश्यक पर्ने शिक्षक अनुदान प्रदान गर्न रु.८७ लाख विनियोजन गरेको छु ।  शिक्षा, युवा तथा खेलकुद क्षेत्रका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- बालविकास सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीहरुलाई नगरपालिकाबाट दिइदै आएको थप पारिश्रमिकलाई निरन्तरता दिइनेछ । सोका लागि रु. १ करोड विनियोजन गरेको छु ।
- एमविविएस र इन्जिनियरिङ्ग विषयमा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्थाका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
- सिलगढी क्षेत्रभित्र एक व्यवस्थित खेलमैदान निर्माणका लागि जग्गा प्राप्ति प्रक्रिया अगाडि बढाउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- विभिन्न दिवसको अवसरमा नगर, वडा तथा पालिका स्तरीय खेलकुद कार्यक्रम आयोजनाको व्यवस्था गरिनेछ । खेलाडीको मनोबल उच्च राख्न विभिन्न विधाका उत्कृष्ट खेलाडीहरुलाई पुरस्कृत गरिनेछ । खेल क्षेत्रको विकासका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- युवाहरुका लागि विभिन्न सीपमूलक तालिमहरु प्रदान गर्न तथा आवश्यक प्रविधि हस्तान्तरण गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

(घ) **स्वास्थ्य :**

- स्वास्थ्य सम्बन्धि अधिकारलाई सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवाहरु सवै नागरिक समक्ष पुर्याउन आवश्यक कार्यक्रमहरु संञ्चालन गरिने छ । नगरमा स्थापित ल्याव प्रयोगशालाहरुलाई थप व्यवस्थित बनाउदै लगिनेछ । आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि औषधिको अभाव हुन दिइने छैन । स्वास्थ्य संस्थाहरुमा आवश्यक भवन,उपकरण, औजारको लागि आवश्यक व्यवस्था गरिनेछ । सोका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- नगर अस्पतालको भवन निर्माणको कार्यलाई सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

(ङ) **संस्कृति प्रवर्द्वन :**

- ऐतिहासिक पुरातात्विक महत्वका क्षेत्रहरुको संरक्षण तथा विकासमा जोड दिइनेछ । नगर क्षेत्रमा रहेका परम्परागत मौलिक सांस्कृतिक सम्पदा तथा संस्कृति लाई संवर्द्धन एवं संरक्षण गर्दै लगिने छ । नगर क्षेत्र भित्र हुने धार्मिक पर्व (जात्रा) हरुको उचित संरक्षण गरिने छ ।

(च) **पूर्वाधार विकास**

- संघ, प्रदेश र स्थानीय तीनै तहको सहयोगमा सञ्चालित खानेपानी क्षेत्रगत सुशासन परियोजना मार्फत खानेपानी र सरसफाइका क्षेत्रमा व्यवस्थित र दिगो रुपमा कामहरु अगाडि बढाइनेछ । जसबाट यस क्षेत्रको खानेपानी र फोहोरमैला व्यवस्थापनको समस्या समाधान हुनेछ । सोका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- नगरपालिका क्षेत्रमा आवश्यक सिचाई एवं अन्य आवश्यक पूर्वाधार विकासका कार्यक्रमहरु ल्याइने छ ।सोका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- चालु आर्थिक वर्षमा सम्पन्न हुन नसकेका नगर योजनाहरुलाई निरन्तरता दिएको छु । सोका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
- यस नगरपालिकाको वडा नं. २ को रानीपौवा नजिकैको स्थानमा व्यवस्थित बसपार्क निर्माण गर्न जग्गा प्राप्तिको कार्य पूरा भएकोले आवश्यक पूर्वाधारका काम अगाडि बढाइनेछ । सोका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । नपुग रकम नगर विकास कोष संग आवश्यक ऋण लिइ निर्माण कार्य सम्पन्न गरिनेछ ।
- संघ सरकार र यस नगरपालिकाको संयुक्त लगानीमा निर्माण भइरहेको कभर्ड हलका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- नगरपालिकाको वडा नं. ९ को कांडीगाउंमा सडक बाटोका लागि रु. ९० लाख बजेटको व्यवस्था गरेको छु ।

(छ) **वन, वातावरण तथा विपद् व्यवस्थापन :**

- नगरलाई आकर्षक बनाउन एवं वातावरण स्वच्छताको लागि वृक्षारोपण कार्यक्रमहरु संञ्चालन गरिने छ । विपद् व्यवस्थापनका लागि विपद् व्यवस्थापन सम्बन्धि कार्यक्रमहरु सञ्चालन गरिने छ । मनसुन जन्य विपद्का कारण खतरामा परेका घरहरु पुर्ननिर्माणका लागि अगाडि बढाइएका कामहरुलाई निरन्तरता दिई आगामी आ.व. मा सम्पन्न गर्ने लक्ष्य लिइने छ । सोका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
- फोहोरमैला संकलन केन्द्र निर्माण गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

(ज) **सुशासन तथा संस्थागत विकास :**

- कर्मचारीहरुको मनोबल उच्च राख्न तथा निजहरुको कार्यको प्रोत्साहन गर्न कार्य सम्पादनका आधारमा पुरस्कृत गरिने छ । नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कर्मचारी व्यवस्थापन गरिनेछ । जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक तालिमहरु संचालन गर्नुका साथै क्षमता विकास योजना अनुसार क्षमता विकासका कार्यहरु कार्यान्वयन गरिनेछ । सोका लागि बजेट व्यवस्था गरेको छु ।
- न्यायिक समिति बाट छिटो, छरितो र सर्वसुलभ न्याय सम्पादन गर्ने कार्यलाई विशेष जोड दिइनेछ । न्यायिक समितिका पदाधिकारी तथा सो कार्यमा संलग्न कर्मचारीको क्षमता विकासका लागि आवश्यक व्यवस्था मिलाइने छ । सो का लागि बजेट व्यवस्था गरेको छु ।
- संघ सरकार र यस नगरपालिकाको संयुक्त लगानीमा निर्माण भइरहेको यस कार्यालयको प्रशासकिय भवन निर्माण सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु

(झ) **सूचना तथा सञ्चार प्रविधि :**

- सञ्चार क्षेत्रको विकास तथा प्रवर्द्धन गर्ने नीति लिइनेछ । सबै वडामा सञ्चार प्रविधिको विकासका लागि आवश्यक कदम अगाडि बढाइनेछ । विद्युतीय सुशासन सम्बन्धी क्रियाकलापहरु अगाडी बढाइने छ । सोका लागि बजेट व्यवस्था गरेको छ ।

श्रद्धेय सभाध्यक्षज्यू,

अब म आर्थिक वर्ष २०८२।०८३ को राजश्व परिचालन नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- स्थानीय तहको वित्तीय अधिकार सम्बन्धी व्यवस्थाको पूर्ण रुपमा पालना गर्दै वित्तीय प्रशासन सुधारका लागी व्यावसायिक, दक्ष र सुदृढ प्रशासनको विकास गर्ने र राजश्व परिचालनको दायरा बढाउन राजश्व सम्बन्धी अध्ययन गरिने छ । करका दायरा फराकिलो गरी न्युनतम करको दरबाट बढी राजश्व संकलन गरिने छ ।
- वडा स्तरवाट राजश्व संकलन कार्यलाइ प्रभावकारी वनाइनुका साथै सो सम्वन्धमा कर्मचारी र जनप्रतिधिहरुको क्षमता अभिवृद्धि गरिनेछ ।
- आन्तरिक आयमा अपेक्षाकृत सुधार गरिने छ । राजश्व सुधार योजना अनुसार राजश्व सुधार कार्य गरिनेछ

अव म  माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न चाहन्छु ।

आगामी आर्थिक वर्षका लागि कुल खर्च रु. ८८ करोड ५९ लाख विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालु तर्फ रु.४१ करोड ३२ लाख १६ हजार अर्थात ४६.६४ प्रतिशत र पूजीगत तर्फ रु.४७ करोड २६ लाख ८४ हजार अर्थात ५३.३६ प्रतिशत रहेको छ ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतहरु र रकम निम्नानुसार रहेका छन ।

आय विवरण:

१. आन्तरिक आय - १ करोड ६५लाख

२. बैंक मौज्दात: - २ करोड ५५ लाख ६ हजार

३. संघीय वित्तीय समानीकरण - ११ करोड ९४ लाख

४ प्रदेश वित्तिय समानीकरण   - १ करोड १२ लाख

५.संघीय राजश्व बाँडफाँड   - १० करोड ४६ लाख ७२ हजार

६. प्रदेश सवारी साधन कर बाँडफाँड  - ४१ लाख २२ हजार

७. संघीय सशर्त अनुदान - ५४ करोड ९२ लाख

८. संघीय समपूरक अनुदान - १ करोड ३३ लाख

९. प्रदेश सशर्त अनुदान - ३ करोड ७५ लाख

१०. प्रदेश समपूरक अनुदान -  ४५ लाख

कुल जम्मा आय : ८८ करोड ५९ लाख  ।

अब म अनुमानित व्ययको विवरण निम्नानुसार प्रस्तुत गर्दछु ।

चालु खर्च :

| सि.नं. | खर्चको शिर्षक | स्रोत | बजेट |
|---|---|---|---|
| १ | पदाधिकारी सुविधा लगायत अन्य प्रशासनिक खर्च | आन्तरिक आय | १ करोड १२ लाख |
| २ | वडा प्रशासनिक खर्च | संघीय राजश्व बांडफांड | ७३ लाख ५० हजार |
| ३ | सशर्त अनुदान | संघीय तथा प्रदेश अनुदान | २७ करोड ४६ लाख |
| ४ | कर्मचारी तलव भत्ता लगायत कार्यालय सञ्चालन खर्च | राजश्व बांडफांड/ आन्तरिक आय | १० करोड ५ लाख ६६ हजार |
| ५ | विषयगत शाखा र अन्य कार्यक्रम | राजश्व बांडफांड र समानीकरण, आन्तरिक आय | १ करोड ९५ लाख |
| जम्मा | | | ४१ करोड ३२ लाख १६ हजार |

पूजीगत खर्च :

| सि.नं. | खर्चको शिर्षक | स्रोत | बजेट |
|---|---|---|---|
| १ | नगरपालिका तथा वडा स्तरीय आयोजना/कार्यक्रम | वित्तिय समानीकरण | ९ करोड ४९ लाख ८४ हजार |
| २. | समपूरक कोष (संघ,प्रदेश, सडक बोर्ड र खानेपानी आयोजना) | " | ४ करोड ७८ लाख |
| ३ | सशर्त अनुदान | संघ र प्रदेश | ३१ करोड २१ लाख |
| ४ | समपूरक अनुदान | संघ र प्रदेश | १ करोड ७८ लाख |
| जम्मा | | | ४७ करोड २६ लाख ८४ हजार |

**श्रद्धेय सभाध्यक्षज्यू ।**

बजेट तर्जुमा गर्ने सन्दर्भमा हामीले गरेको आग्रहलाई स्वीकार गरी बैठक तथा छलफलमा उपस्थित भई उल्लेखनीय सहयोग गर्नुहुने नगरकार्यपालिका सदस्यज्यूहरु, विभिन्न विषयगत समितिका पदाधिकारीज्यूहरु, विभिन्न क्षेत्रका विज्ञज्यूहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै यस नगर सभा

सम्पन्न गर्न तथा आगामी आ.व.को बजेट तर्जुमा प्रक्रियामा अहोरात्र खटिई सहयोग गर्नु हुने प्रमुख प्रशासकिय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

यसैगरी योजना, कार्यक्रम, बजेट तर्जुमा प्रक्रियामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न भई हामीलाई रचनात्मक सुझाब र सल्लाह दिनुहुने सम्पूर्ण आदरणीय व्यक्तित्वहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । प्रस्तुत बजेट कार्यान्वयनमा सम्पूर्ण नगर वासीको सक्रिय सहभागिता रहने अपेक्षा सहित कार्यान्वयनका निम्ति यहाँहरुबाट प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रुपमा लिएर नगरपालिका अगाडि बढ्ने विश्वास दिलाउँदै यस गरिमामय नगरसभाको सफलताको शुभकामना सहित यो बजेटको सफल कार्यान्वयनमा यहाँहरुको निरन्तर साथ र सहयोगको अपेक्षा गर्दै विदा चाहन्छु ।

धन्यवाद ।

मिति : २०८२ साल असार १० गते

कलावती महर साउंद

उपप्रमुख

दिपायल सिलगढी नगरपालिका

सिलगढी, डोटी